१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०


वर्ष-१६ ।। अङ्क : ३२४ ॥ २०८१ माघ ०४ गते शुक्रबार (17th Jan 2025 Friday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# बिर्तामोड नगरपालिकाभरि ८२५ जना मात्र गरिव

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड नगरपालिकाभरि ८२५ जना मात्र गरिब भएको तथ्यांक सार्वजनिक भएको छ । दुई वर्षअघि बिर्तामोड नगरपालिकाले गरेको सर्वे अनुसार नगरभरि अति गरिब १८६,मध्यम गरिब ३१७ र सामान्य गरिब ३२२ जना गरी जम्मा ८२५ जना गरिव रहेको प्रारम्भिक सूची सार्वजनिक गरिएको हो । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ को दफा १३ बमोजिम जारी भएको गुनासो सुनुवाई मार्गदर्शन २०७८ को दफा २ बमोजिम मन्त्रालयबाट प्राप्त गरिब परिवारको सूची बिर्तामोड नगरपालिकाले बुधवार सार्वजनिक गरेको हो ।



नगरपालिकाले २०७८ माघ ८ देखि २०७९ असार ७ गतेसम्म ५ महिना लगाएर नगरपालिकाको १० वटै वडामा सर्वे गरेको थियो । सर्वे गर्नका लागि १७ जना गणक खटिएका थिए । सर्वे गरिएको रिपोर्ट मन्त्रालयमा पठाइएको थियो ।

गरिव परिवारको प्रारम्भिक सूचीउपर गुनासो तथा उजुरी दर्ता गराउनका लागि बिर्तामोड नगरपालिकाले १५ दिने सूचना जारी गरेको छ । गरिव परिवारमा समावेश हुनुपर्ने नाम प्रारम्भिक सूचीमा नपरेको वा समावेश नहुनुपर्ने नाम सूचीमा समावेश भएको वा एक वर्गमा समावेश गर्नुपर्ने परिवार अर्को वर्गमा समावेश भएको पाइएमा त्यस्तो सूचीउपर १५ दिनभित्र बिर्तामोड नगरपालिकाबाट खटिएका गुनासो सुनुवाई अधिकारीहरुसमक्ष गुनासो तथा उजुरी दर्ता गर्न सूचित गरिएको छ । सूचनामा नगरका वडा कार्यालयहरुमा गुनासो सुनुवाई अधिकारी खटिने कार्यतालिका सार्वजनिक गरिएको छ । माघ ४ गते वडा नं १ , माघ ६ गते वडा नं २ , माघ ७ गते वडा नं ३ , माघ ८ गते वडा नं ४ , माघ ९ गते वडा नं ५ , माघ १० गते वडा नं ६ , माघ ११ गते वडा नं ७ ,माघ १३ गते वडा नं ८ , माघ १४ गते वडा नं ९ र माघ १५ गते वडा नं १० मा गुनासो सुनुवाई अधिकारी खटिने प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले जानकारी दिएका छन् । तोकिएको म्याद १५ दिनभित्र थपघट भएर आउने नामहरुलाई नगरपालिकामा छानबिन गरी मन्त्रालयमा पठाइने गुनासो सुनुवाई अधिकारी दुर्गाप्रसाद खरेलले बताए । उनले मन्त्रालयले अन्तिम सूची तयार गरिसकेपछि त्यस सूचीमा परेका व्यक्तिहरुलाई गरिबको परिचयपत्र दिइने खरेलले जानकारी दिए । बिर्तामोड नगरपालिकाको जनसंख्या करिव १ लाख ४२ हजार रहेको छ । त्यसमध्ये ५८ हजार मतदाता रहेका छन् ।

# आफ्नै छोरीलाई जवर्जस्ती गरेको आरोपमा बाबु पक्राउ



उदयपुर,माघ ३ । आफ्नै नाबालिका छोरीलाई जवर्जस्ती करणी गरेको आरोपमा उदयपुरका एक व्यक्ति पक्राउ परेका छन् । मंगलवार राति ११:३० बजे उदयपुर बेलका नगरपालिका वडा न.८ रंगमल टोल बस्ने ३३ वर्षीय परिवर्तित नाम १४-०४-३० (घ) ले आफ्नै छोरी १४ वर्षीया परिवर्तित नाम १४-०४-३० (ख) लाई आफ्नै घर कोठामा जबर्जस्ती करणी गरेको प्रहरीले जनाएको छ । पीडितका ठुली आमा परिवर्तित नाम १४-०४-३० (क) ले बिहीवार बिहान इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा जाहेरी दिएपछि छोरीलाई बलात्कार गर्ने परिवर्तित नाम १४-०४-३०(घ) लाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# माओवादीका उपाध्यक्षका उम्मेद्वार राउत राप्रपामा प्रवेश



झापा(प्रस) । गत स्थानीय तहका निर्वाचनमा माओवादीका तर्फबाट हल्दिवारी गाउँपालिकाको उपाध्यक्षाको उम्मेद्वार बनेकी टीकादेवी राउत राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरेकी छन् । उनी नेकपा माओवादी केन्द्र हल्दिबारीकी संयोजकसमेत हुन् । बुधवार एक कार्यक्रमका बिच राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले उनलाई आफ्नो पार्टीमा प्रवेश गराएका हुन् । २०७९ को स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रबाट हल्दिबारी गाउँपालिकाको उपाध्यक्ष पदमा उम्मेदवार बनेकी राउतले १५४३ मत ल्याएकी थिइन् । चौथो स्थान ल्याएकी राउत राप्रपाकी लक्ष्मीदेवी मैनालीबाट पराजित भएकी थिइन् ।

त्यसैगरी लामो समय एमालेमा रहेका वडा नं २ का गाउँ कमिटी सचिव भिम मगर पनि बुधवार नै राप्रपामा प्रवेश गरेका छन्।त्यस्तै अनेमसंघ क्रान्तिकारीकी वडा संयोजक रूपा गौतम पनि पार्टी परित्याग गरी राप्रपामा प्रवेश गरेकी छन्। बुधवार नै विभिन्न पार्टी परित्याग गरी धेरैजना राप्रपा प्रवेश गरेको बताइएको छ ।

# महेन्द्र रत्न माविले भव्य रुपमा मनायो वार्षिकोत्सव

झापा(प्रस)। बिर्तामोड- ३ बिर्ताबजारस्थित महेन्द्र रत्न माध्यमिक विद्यालयले ६७ औं वार्षिकोत्सव भव्य रुपमा मनाएको छ । सप्ताहव्यापी खेलकुद प्रतियोगिता संचालन गरेको विद्यालयले सोमवार विद्यालय व्यवस्थापन समितिका पूर्व सदस्य, जग्गादाता , अक्षयकोष दाता, पूर्व विद्यार्थी , दीर्घसेवी शिक्षक , वर्ष उत्कृष्ट शिक्षक , वर्ष उत्कृष्ट खेलाडी , उत्कृष्ट अभिभावकलगायतलाई सम्मान गर्दै वार्षिकोत्सव मनाएको हो । यसरी सम्मानित हुनेहरुमा विद्यालय व्यवस्थापन समितिका पूर्व सदस्य भोजराज सिटौला , जग्गादाता भक्तसिंह राजवंशी , अक्षयकोष दाता गुरुभक्त न्यौपाने , पूर्व विद्यार्थी मदनगोपाल सुब्बा रहेका छन् ।

उत्कृष्ट र दीर्घसेवी शिक्षकलाई सम्मान

त्यस्तै २५ वर्ष सेवा अवधि पूरा गरेका शिक्षकहरु मित्रलाल ओली र हरिमाया लिङदेनलाई दीर्घसेवी सम्मान प्रदान गरिएको छ भने पाँचजना शिक्षकलाई वर्ष उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरिएको छ । यसरी सम्मानित हुनेहरुमा लक्ष्मी प्रसाई , इच्छाराम निरौला , देवीप्रसाद कडरिया, रत्नमान गिरी र गोमा नेपाल रहेका छन् । त्यस्तै वर्ष उत्कृष्ट खेलाडीको रुपमा निश्चल शिवाकोटी र अनिसा खड्का सम्मानित भएका छन् भने उत्कृष्ट अभिभावकको रुपमा निर्मला प्रसाई र टंकप्रसाद संग्रौलालाई सम्मान प्रदान गरिएको छ ।

**अक्षयकोषबाट स्वीटर र छात्रवृत्ति वितरण**

त्यस्तै सुरेश पाठक स्मृति अक्षयकोषबाट कक्षा ४ र ५ मा अध्ययनरत ८५ जना विद्यार्थीहरुलाई स्वीटर वितरण गरिएको छ भने सोही अक्षयकोषबाट तीनजना उत्कृष्ट विद्यार्थीलाई ५-५ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको छ । छात्रवृत्ति पाउनेमा कक्षा ८ मा प्रथम हुने सान्धी शिवाकोटी , कक्षा १० मा प्रथम हुने गौरव परियार र कक्षा १२ मा प्रथम हुने



ओमप्रकाश दाहाल रहेका छन् । सोही अवसरमा अवकाशप्राप्त शिक्षक कल्पना भण्डारीलाई विदाई गरिएको थियो ।

७५० भन्दा बढी विद्यार्थी सम्मानित तथा पुरस्कृत

वार्षिकोत्सव कार्यक्रममा ७५० जना विद्यार्थीहरुलाई सम्मानित र पुरस्कृत गरिएको प्रधानाध्यापक खरेलले बताए । खेलकुद कार्यक्रममा विजयी भएका विद्यार्थीहरुलाई पुरस्कृत गरिएको हो विद्यालयले सप्ताहव्यापी खेलकुद प्रतियोगिता संचालन गरेको थियो ।

६०० जना विद्यार्थीद्वारा नृत्य प्रदर्शन

वार्षिकोत्सवका अवसरमा सांस्कृतिक कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा करिव ६ सय विद्यार्थीहरुले विभिन्न जातजातिका झाँकीसहित नृत्य प्रस्तुत गरेका थिए । विभिन्न ३५ वटा समूहले नृत्य प्रस्तुत गरेको विद्यालयका शिक्षक युवराज कट्टेलले जानकारी दिए ।

**महेन्द्र रत्न तारामा मोहनमायाका विज्ञान प्रथम**

महेन्द्र रत्न माविले महेन्द्र रत्न तारालाई यस वर्ष पनि निरन्तरता दिएको छ । महेन्द्र रत्न ताराको सिजन थ्रीमा मोहनमाया माविका विज्ञान डाँगी प्रथम , देवी माविकी सविना रणपहेली द्वितीय ,महेन्द्ररत्न माविकी अस्मिता हस्दा तृतीय भएका छन् । सो नगरस्तरीय गायन प्रतियोगितामा बिर्तामोडभरिका १० वटा सामुदायिक विद्यालयका विद्यार्थीहरुले भाग लिएका थिए । प्रतियोगितामा प्रथम हुनेलाई पाँच हजार , दोस्रो हुनेलाई चार हजार र तेस्रो हुनेलाई तीन हजार नगद पुरस्कार र मेडल प्रदान गरिएको विद्यालयले जनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टंकप्रसाद सेढाईको अध्यक्षतामा भएको वार्षिकोत्सवलाई कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीले उद्घाटन गरेका थिए । कार्यक्रममा संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटी , बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारी , पूर्व प्रधानाध्यापक देवेन्द्र गौतम , शिक्षक महासंघका युवराज कट्टेलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , जिल्ला समन्वय समितिकी उपप्रमुख शान्ता रोक्का , वडा अध्यक्षहरु मदन बुढाथोकी , दुर्योधन गुरुङलगायतको उपस्थिति रहेको थियो । सहायक प्रधानाध्यापक केशव प्रसाईले स्वागत गरेको कार्यक्रममा प्रधानाध्यापक खड्गप्रसाद खरेलले विद्यालयको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको संचालन शिक्षकहरु तुलसीराम खरेल र भोजराज दाहालले गरेका थिए ।






# देशभरका पुस्तक व्यवसायीलाई एकजुट हुन आव्हान

झापा(प्रस)।नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष मातृका शिवाकोटीले देशभरका पुस्तक तथा स्टेशनरी व्यवसायी एकजुट हुनुपर्ने बताएका छन्।




नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कोशी प्रदेशको छैठौं वार्षिक साधारण सभालाई बिहीवार सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष शिवाकोटीले भने, 'युगौं युगसम्म पुस्तक तथा स्टेशनरीको व्यवसाय र व्यवसायी टिकिराख्ने हो भने देशभरका व्यवसायी एकजुट हुनुको विकल्प छैन।'

पुस्तक र स्टेशनरी व्यवसायलाई तीन

❖ बाँकी अन्तिम पृष्ठमा


## प्राणघातक स्तन क्यान्सरबाट बचौं
## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# झापामा २२४ ग्राम ब्राउनसुगर बरामद, ९ जना पक्राउ



झापा(प्रस) । झापामा भारी मात्रामा प्रतिबन्धित लागूऔषध बरामद भएको छ। लागूऔषध र प्रतिबन्धित औषधीसहित ९ जना पक्राउ परेका छन् ।
लागूऔषधसहित आठजना र प्रतिबन्धित औषधसहित एकजना पक्राउ परेका हुन् ।
बुधवार राति काँकडभिट्टास्थित मेची पुलमा अर्जुनधारा ८ शनिश्चरे बस्ने ३५ वर्षीय अर्जुन श्रेष्ठ र भारत पश्चिम बंगाल दार्जिलिङ थाना दुलालजोत बस्ने ३० वर्षीय एमडी भनिने मोहमद अनवर हुसेनलाई शंकास्पद अवस्थामा फेला पारी उनीहरुको शरीर तलासी लिने क्रममा हुसेनको साथबाट प्लाष्टिकसहित ७ ग्राम १९० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

उनीहरुलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा भद्रपुर ३ नयाँ बस्ती बस्ने ४५ वर्षीया सविता भनिने दोमासी राजवंशीले भारतको पानीट्याङकीमा भेटेर काठमाण्डौ पठाउनको लागि लागूऔषध दिएको खुल्न आएको थियो ।
त्यसपश्चात् प्रहरी टोलीले राजवंशीको घरमा गई खानतलासी गर्ने क्रममा घरभित्र रहेको टेवलमाथि प्लाष्टिकसहित २१२ ग्राम ५० मिलिग्राम ब्राउनसुगर फेला पारेको थियो । तीनैजनालाई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको प्रहरीले जनाएको छ ।
त्यस्तै बुधवार साँझ ६:३० बजे बिर्तामोड नगरपालिका वडा नं.५ बस्ने प्रकाश राजवंशीको घरमा लागूऔषध बेचबिखन भइरहेको अबस्थामा चारजना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा बिर्तामोड ५ बस्ने २५ वर्षीय प्रकाश राजवंशी, सोही ठाउँ बस्ने ३२ वर्षीय रतन राजवंशी, वडा नं १ बस्ने २१ वर्षीय करण धिमाल र इलाम एकतप्पा ७ घर भई हाल बिर्तामोड ५ बस्ने २१ वर्षीय आशिष लिम्बू रहेका छन् ।
उनीहरुको साथबाट प्लाष्टिकसहित ३ ग्राम ९८० मिलिग्राम ब्राउनसुगर फेला परेको र नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
त्यस्तै प्रतिबन्धित औषधीसहित दमकमा एकजना पक्राउ परेका छन् । बुधवार दिउँसो ४ बजे दमक नगरपालिका वडा नं. ६ स्थित सडकखण्डमा दमक २ बस्ने २३ वर्षीय सुसन बन्जरा प्रतिबन्धित औषधीसहित पक्राउ परेका हुन् ।
उनको साथबाट ट्रामोल-५० लेखिएको २०० क्याप्सुल र स्पास्पेन २०० ट्याब्लेट फेला परेको छ । प्रतिबन्धित औषधीसहित उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

त्यस्तै बिहीवार दिउँसो ब्राउनसुगरसहित मेची पुलमा एकजना पक्राउ परेका छन् ।भारतबाट नेपालतर्फ सिटी सफारीमा आउँदैं गरेका पाँचथर फिदिम नगरपालिका वडा नं.१३ बस्ने ३० वर्षीय सनम राईलाई शंका लागेर चेकजाँच गर्दा उनले मलद्वारमा लुकाई छिपाई ल्याउँदैं गरेको प्लाष्टिकसहित २ ग्राम ८५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई पनि नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# निवर्तमान प्रअ डिल्लीराम अधिकारीलाई सामूहिक विदाई



झापा(प्रस) । झापा गौरादह नगरपालिका वडा नं.८ ग्वालडुब्बास्थित प्रगति माध्यमिक विद्यालयका निवर्तमान प्रधानाध्यापक डिल्लीराम अधिकारीलाई आज सामूहिक विदाई गरिएको छ ।
प्रगति माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष महाविर राजवंशीको अध्यक्षतामा प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, विशिष्ट अतिथि कोशी प्रदेशका सभामुख अमरवहादुर विष्ट, गौरादह नगरपालिकाका मेयर छत्रपति सुवेदी , अतिथिहरू गौरादह नगरपालिकाका उपमेयर जलवर्षा राजवंशी, गौरादह नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष गणेश राजवंशी, गौरादह नगरपालिका वडा नं.७ का वडा अध्यक्ष बलराम खरेल, प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक चिरञ्जीवी पाण्डेलगायतले विदाई गरेका हुन् ।
कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले यस विद्यालयलाई भौतिक संरचना निर्माण र गुणस्तर शिक्षाका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू सहयोग गर्ने प्रतिवद्धता जनाए । उनले निवर्तमान प्रअ डिल्लीराम अधिकारीलाई लामो समयसम्म शिक्षा क्षेत्रमा आफ्नो जीवन खर्चेकोमा धन्यवाद दिँदै आगामी दिनमा सुस्वास्थ्य , दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गरेका थिए । कार्यक्रममा विद्यार्थी र अभिभावकहरूको समेत उपस्थिति रहेको थियो ।

# माँ लक्ष्मी साकोसले बृद्धाश्रममा मनायो स्थापना दिवस





बिर्तामोड(प्रस) । झापाको बिर्तामोड ४ स्थित माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १७औं स्थापना दिवस बिर्तामोड ४ मा रहेको स्नेहा माया घर बृद्धाश्रममा रहेका बृद्धबृद्धाहरूलाई सहयोग गरेर मनाएको छ ।
संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष घनश्याम चौधरीले संस्थाको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गरेका थिए।

उनले संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत बृद्धबृद्धाहरूलाई सहयोग गरेर स्थापना दिवस मनाएको बताए। गुरूप्रसाद डिकमाया फाउन्डेसनका संस्थापक गुरूप्रसाद ओझाले गुरूप्रसाद डिकमाया फाउन्डेसनद्वारा बिगत एक बर्षदेखि सञ्चालित बृद्धाश्रममा ६जना बृद्धबृद्धा रहेको बताए। उनले बृद्धबृद्धाहरूलाई सहयोग गरेकोमा माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थालाई धन्यवाद दिए। बिर्ताज्योति साप्ताहिकका सम्पादक तुलसीप्रसाद निरौलाले पनि बोलेका थिए ।

कार्यक्रममा संस्थाका पदाधिकारीहरूले बृद्धबृद्धाहरूलाई खाद्यान्न सामग्री बितरण गरेका थिए। कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक दीपक साफीले गरेका थिए।

# लेखक एवं पत्रकार श्रीधर खनालको निधन



झापा(प्रस)। लेखक तथा पत्रकार श्रीधर खनालको ९४ वर्षको उमेरमा बिहीवार निधन भएको छ ।'दीर्घबाहु' उपनामबाट जासुसी उपन्यास लेखेका उनी २० को दशकमा 'मुर्कुट्टा लाश, मेजरको सर्प, बिखालु इच्छापत्र, छ औंले मान्छे, बाह्र बजेको घण्टी, पानको गुलाम,नाङ्गिएकी सुन्दरी' का कारण लोकप्रिय थिए ।
प्रकाशित शब्दभेदी लडाई, उनका लोकप्रिय जासुसी उपन्यासहरू हुन् भने 'नमरी संसार देखिन्न, उल्लीबिल्ली, चट्याङचुटुङ' हास्यव्यङ्ग्यका कृति पनि उत्तिकै लोकप्रिय रहेका उनका कृति सूक्ष्म रूपमा अध्ययन गरेका रमेशचन्द्र न्यौपानेले बताए ।
तीसको दशकमा रमेशनाथ पाण्डेद्वारा सम्पादित तथा प्रकाशित 'नयाँ सन्देश' पत्रिकाको अन्तिम पृष्ठमा 'विश्वामित्र' नामबाट यौनप्रधान आख्यान पनि उनले लेखेको सम्झन्छन् न्यौपाने। चौरासी वर्षको उमेरसम्म मोटरसाइकलमा हुँइकिन सक्ने उनले निर्भीक पत्रकारिता गरेको न्यौपानेले बताए । बिहीवार पशुपति आर्यघाटमा उनको अन्त्येष्टि गरिएको छ। उनका १ जना छोरा र ६ जना छोरी छन् । छोरा ब्रजेश खनाल पनि चर्चित लेखक हुन् ।

# आशिकालाई पाँच दिन हिरासतमा राख्न अनुमति

झापा(प्रस)। अभद्र व्यवहार कसुरमा पक्राउ परेकी आशिका तामाङलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको छ।
बुधबार दिउँसो स्वयम्भू प्रहरीले पक्राउ गरी तामाङलाई गौशाला वृत्त पठाएको थियो। तामाङविरूद्ध थप अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पाँच दिनको म्याद थप भएको प्रहरी वृत्त गौशालाले जनाएको छ।
गत पुष २६ गते पशुपति क्षेत्र विकास कोषको पत्र जाहेरी र पुष २५ को प्रहरी प्रतिवेदनका आधारमा अनुसन्धान गर्न तामाङलाई नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ।
तामाङविरुद्ध प्रहरीले पुष २८ गते नै अभद्र व्यवहार कसुर शीर्षकमा जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंबाट पक्राउ पुर्जी लिएको थियो।



जिल्ला प्रशासनको अनुमतिले बुधबार तामाङलाई पक्राउ गरिएको प्रहरीको भनाइ छ।
पछिल्लो समय पशुपति क्षेत्र विकास कोष परिसरमा तामाङले महिला प्रहरीलाई दुर्व्यवहार गरेको भिडिओ सामाजिक सञ्जालमा भाइरल बनेको थियो। उनले आफूलाई सामाजिक अभियन्ता भन्दै फेसबुकलगायत सामाजिक सञ्जालमा भिडिओहरू पोस्ट गर्ने गरेकी छन्।






## देशभरका...

तहकै सरकारले शैक्षिक र सांस्कृतिक हिसावमा महत्वपूर्ण स्थान दिनुपर्ने उनले बताए । सरकारका हरेक शैक्षिक गतिविधिमा पुस्तक व्यवसायीलाई पनि सहभागी गराउनु पर्ने उनको जोड थियो ।
सरकारी तथा निजी प्रकाशन गृहका पाठ्यपुस्तक बिक्री वितरणका क्रममा भएका असमानतालाई निरुत्साहित गर्न मुलुकभरका पुस्तक व्यवसायी एकजुट हुनुको उनले औचित्यसमेत पुष्टि गरे। सरकारले पुस्तक बिक्रीका लागि व्यवसायीलाई दिएको छुटको दायरा फराकिलो बनाउनु पर्ने उनको तर्क छ ।
पुस्तक तथा स्टेशनरी व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाहरूले दिने कर्जाको व्याजमा अन्य व्यवसायीको तुलनामा छुट गर्नुपर्ने उनले बताए । राज्यका तीनवटै तहका सरकारलाई इमान्दारपूर्वक कर बुझाउने पुस्तक तथा स्टेशनरी व्यवसायीलाई सरकारले प्रोत्साहन दिने कार्यक्रमहरू ल्याउनुपर्ने उनको धारणा थियो ।
कार्यक्रममा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका झापा अध्यक्ष विनोद सापकोटाले महासंघका हालसम्मका उपलब्धीहरू र आगामी योजनाबारे जानकारी गराएका थिए । उनले भने, 'सम्भावना र चुनौतीहरूको बीचमा हामी छौ । हामी एकतामा रहन र व्यवसायलाई प्रगति दिने दिशामा अघि बढ्नका लागि पहिला व्यवसायी इमान्दार हुनुपर्ने पर्छ ।'पुस्तक र स्टेशनरी व्यवसायको समृद्धिका लागि आवश्यक सुधार, नीति, व्यवसायिक तालिमहरू केन्द्र र प्रदेशले संचालन गर्नुपर्ने बताए ।
कार्यक्रममा प्रदेश अध्यक्ष जीवन नेपालले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन साधारण सभाको बन्दसत्रले सर्वसम्मत पारित गरेको छ। उनले प्रदेशका १४ जिल्लामध्ये ५ जिल्लाको सांगठनिक प्रतिवेदन र प्रदेश समितिले तयार पारेको प्रतिवेदन सार्वजनिक गरेका थिए । यस्तै कोषाध्यक्ष गौतम शर्माद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पनि सर्वसम्मत पारित भएको नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघले जनाएको छ। उनले १२ लाख ११ हजार ३३० रुपैयाँको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।
प्रदेशको दोस्रो अधिवेशनका क्रममा विभिन्न प्रकाशन गृहहरूले कबोल गरेको ५ लाख रूपैयाँ भुक्तान गर्न साधारण सभाको बन्दसत्रले सम्बन्धित प्रकाशन गृहलाई अपिल गरेको छ। अधिकांश प्रतिनिधिले भने, 'यति र उति पैसा दिन्छु भनेर खादा, माला र सम्मानपत्रद्वारा सम्मानित हुने प्रकाशन गृह वा त्यसका प्रतिनिधिले कबोल गरेको रकम भुक्तान गरिदिनु होस् ।'
नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष माधव अधिकारीले स्वागत गरेको कार्यक्रममा पूर्व केन्द्रीय सदस्य राजेन्द्र तिवारी, दुर्गा पौडेल, प्रदेशका सल्लाहकार समिति सदस्य फडिन्द्रराज न्यौपाने, उदयपुर जिल्लाका अध्यक्ष एकराज बस्नेत, सुनसरीका सचिव भीम घिमिरेले व्यवसायीहरूको विद्यमान समस्या र चुनौतीका विषयमा केन्द्रीय पदाधिकारी तथा प्रदेश कमिटीलाई जानकारी गराएका थिए ।
प्रदेश सचिव दिवाकर भट्टराईले सञ्चालन गरेको कार्यक्रम प्रदेश अध्यक्ष जीवन नेपालको अध्यक्षतामा बिर्तामोडस्थित नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ झापाको सभाहलमा भएको थियो । साधारण सभामा झापा, मोरङ, सुनसरी, उदयपुर, धनकुटा, इलाम, पाँचथरका व्यवसायी प्रतिनिधिको सहभागिता रहेको थियो।

## एक वर्षमा...

माल्दिभ्सका लागि ४ सय ५३ चिकित्सकले प्रमाणपत्र पाएका थिए। नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्की राज्यको स्वास्थ्यसम्बन्धी नीति अस्पष्ट हुनुका साथै जनशक्ति उत्पादन तथा व्यवस्थापनसम्बन्धी कुनै योजना नहुँदा चिकित्सक विदेश जाने प्रवृत्ति बढेको बताउँछन् । 'सरकारी अस्पतालमा दरबन्दी थपिँदैन, तलब र सुविधाभन्दा ड्युटी धेरै गर्नुपर्छ, तलब सुविधा वृद्धि हुँदैन,' उनले भने ।
'निजी अस्पतालमा झनै श्रमशोषण छ, उचित पारिश्रमिक पनि छैन । चिकित्सक सुरक्षित भविष्यको खोजी गर्दै विदेश जान बाध्य छन्,' उनले भने । केन्द्रदेखि स्थानीय सरकारसम्मको अस्पष्ट स्वास्थ्यका नीति र कार्यक्रमका कारण पनि चिकित्सक नेपाल बस्न नचाहेको उनको भनाइ छ ।

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार उत्तरः श्री रोहित खड्काको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री कमल प्रसाद ब्राम्हन आचार्यले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९-००८० | १२०८ | २६२.४३ | २०८०/०८/२७ | २०८०/०८/२७ | २०८१/०७/०८ |




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जलवायु परिवर्तनको चिन्ता

यस वर्ष पुष महिनामा खासै जाडो भएन । मानिसहरुले भदौरे घामको अनुभूति गरिरहेका थिए । माघ लागेदेखि केही चिसो बढेको छ । जाडोयामको पुष–माघ महिनामा समेत गर्मी हुँदा गर्मीयाममा कति धेरै गर्मी हुन्छ भनेर मानिसहरुमा चिन्ता ल्याएको छ । जलवायु परिवर्तनप्रति मानिसहरु चिन्तित देखिएका छन् । वर्तमान विश्वको मुख्य समस्याका रूपमा जलवायु परिवर्तन सामुन्ने आउन थालेको छ। जलवायु परिवर्तनको विषयले विश्वका सबै जीवात्मा तथा यससँग सम्बद्ध सबै आयामलाई प्रतिकूल प्रभाव पारिरहेका हुन्छन्। जलवायु परिवर्तनको कारण मानव जीवनका पर्यावरणलगायत सामाजिक, आर्थिक, शारीरिकलगायत अधिकांश क्षेत्र प्रभावित हुने देखिएको छ । विश्व बैंक्तद्वारा सार्वजनिक नेपाल डेभलपमेन्टले जलवायु परिवर्तनका कारण नेपाली अर्थतन्त्रका कृषि, पूर्वाधार संरचना तथा श्रम उत्पादकत्व क्षेत्र प्रभावित हुने जनाएको छ। कुनै पनि अर्थतन्त्रका प्रमुख क्षेत्र हुन कृषि, पूर्वाधार संरचना र श्रम उत्पादकत्व अर्थतन्त्रका मूलभूत विषय हुन्। यी महत्वपूर्ण क्षेत्र प्रभावित हुनेको अर्थ मुलुकको अर्थतन्त्र नराम्ररी प्रभावित हुने दिशातिर अग्रसर छ। जलवायु परिवर्तनका कारण मौसममा आएको परिवर्तनस्वरूप बढ्दो तापमान, अनावृष्टि, अतिवृष्टि, बाढी पहिरो, नदी कटान, कृषि बालीको भौतिक क्षति आदिका कारण कृषि उत्पादनका क्षेत्रमा निकै नकारात्मक प्रभाव परिरहेको छ। यो अवस्था हामीले विगत केही वर्ष यतादेखि निरन्तरजसो भोग्दै आइरहेका हौँ। बालीनाली तयार भएर उठाउने बेलामा बाढी र डुबानले तहसनहस पारेको छ। कहिलेकाँहीमध्ये वर्षात् याममा खडेरी परेको भोगिएको छ। जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने प्रभावका फलस्वरूप सन् २०३० अर्थात् एक दशकभन्दा कमको अवधिमा कुल आर्थिक वृद्धिदर शून्य दशमलव सातदेखि शून्य दशमलव आठ प्रतिशतले सक्तुचन आउने विषय स्वाभाविक रूपमा चिन्ताको विषय हो।

जलवायु परिवर्तनको उपज बढ्दो विश्वव्यापी तापमान बढ्दो क्रममा छ। बाढीपहिरो, अनियमित वर्षा आदिका कारण सडक, पुल, सिँचाइ, आवास खानेपानीजस्ता भौतिक पूर्वाधारका संरचना निकै प्रभावित हुने देखिन्छन्। विश्व बैंक्तको प्रतिवेदनले पनि आगामी ५० वर्षमा तापमानमा एक दशमलव पाँच प्रतिशतले वृद्धि हुँदा पनि पाँच प्रतिशत भौतिक पूर्वाधारका संरचना नष्ट हुने जनाएको छ। यसबाट जलवायु परिवर्तनको भयावह स्वरूपको अनुमान निकै त्रासदीपूर्ण हुने देखिन्छ। अझ भौतिक पूर्वाधारका संरचनामा पर्ने प्रभाव नेपालका लागि सबैभन्दा ठूलो क्षतिका रूपमा रहने तथ्यांक्त हाम्रा लागि निकै विषम परिस्थिति हो। जलवायु परिवर्तनका कारण विभिन्न रोगको आक्रमण, बसाइँसराइ आदिका प्रभावस्वरूप जनस्वास्थ्यमा पर्ने असरले गर्दा श्रम उत्पादकत्वका क्षेत्रमा पनि प्रतिकूल प्रभाव पर्ने आशक्ताको विश्व बैंक्तको प्रतिवेदनको रहेको छ। यसले गर्दा पारिवारिक आय एवं समग्रमा अर्थतन्त्र प्रभावित हुने अवस्था देखिन्छ। विश्वव्यापी चुनौतीका रूपमा रहेको जलवायु परिवर्तनको कारण खोज्नुपर्ने हुन्छ। जलवायु परिवर्तनको प्रतिकूल असरमा न्यूनीकरण नै अबको कार्यसूची हुनुपर्छ। राज्यका नीति, योजना र कार्यक्रम अब त्यतातिर अग्रसर हुनुपर्छ।

# अर्थतन्त्रको मूल आधार कृषि



• वामदेव क्षेत्री

नेपालको अर्थतन्त्र मिश्रित अर्थतन्त्र हो, कृषि पेसामा अहिले पनि नेपालमा ६५ प्रतिशत कृषक औपचारिक रूपमा यो पेसामा छन् तर कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २७ प्रतिशत मात्र देखिन्छ । त्यो पनि पछिल्लो केही वर्षदेखि सञ्चालनमा आएका कृषि फर्म, तरकारी खेती, पशुपालन र किसानहरूको योगदानको प्रतिफल हो । परम्परागत कृषिलाई छुट्याएर हेर्ने हो भने २० प्रतिशतको हाराहारीमा छ । अहिले कृषि अर्थात् खाद्यान्न वस्तुसहित उपभोगका लागि ८३ प्रतिशत आयात हुन थालेको छ भने देशको आफ्नै उत्पादनको १७ प्रतिशत उपभोक्तालाई मात्र धान्न सक्ने अवस्थामा आइपुग्दा कृषिबाट अर्थतन्त्रमा खासै योगदान रहेको पाइँदैन तर नेपालको विगतको इतिहासलाई हेर्ने हो भने नेपालको अर्थतन्त्रमा कृषिको भूमिका महत्वपूर्ण थियो । अहिले पनि धेरै सम्भावना छन्, त्यो भूमिका घटेको छैन बरु बढेर गएको छ तर हामीले कृषिलाई आधुनिकीकरण र व्यावसायीकरण गरी उद्योगमा ढाल्न सकिरहेका छैनौँ । हामीले कृषि प्रणालीलाई साना किसान भूस्वामी र साना सहकारीको उत्पादनलाई घनिष्ट समायोजन गरे पनि आत्मनिर्भर प्राकृतिक अर्थतन्त्र बन्न सक्छ । नेपालको अर्थतन्त्रलाई अहिले तीनखम्बे अर्थनीति अर्थात् सरकार, निजी क्षेत्र र सहकारी भनिन्छ । किनकि औद्योगिक सभ्यताको अनिच्छुक परिणाम सहकारी हो भन्न सकिन्छ । पुँजीवादी अर्थव्यवस्थाको असफलता र त्यसले सिर्जना गरेको मानवीय कष्टका कारण सहकारीको विकास भएको हो । सहकारीलाई उन्नत समाजको उत्कृष्ट सामूहिक व्यवसायको रूपमा लिने हुँदा सरकारले यसलाई नेपालको अर्थतन्त्रको अभिन्न अङ्ग मानेको हो । यसलाई पूँजीवादको सङ्क्रमण र समाजवाद उन्मुख व्यवसायको रूपमा पनि व्याख्या गरिन्छ तर सहकारीलाई उत्पादनको दृष्टिले अर्थतन्त्रमा टेवा पुग्ने हिसाबले कृषिसँग सम्बन्ध र चरित्रसित मेल खान्छ । यसको क्षेत्र पनि कृषि नै हो । सहकारी व्यवसाय लगानीकर्ताको स्वामित्व हुने बजार अर्थव्यवस्थाभित्रको निजी व्यवसायभन्दा फरक प्रकृतिको व्यवसाय भएकाले यसलाई नेपालको अर्थव्यवस्थाको तेस्रो क्षेत्रको रूपमा परिभाषित गरिएको हो र भविष्यमा यसको माध्यमबाट समाजवादको निर्माण हुन सक्ने छ । चीनमा १० लाख सहकारी कृषि र उद्योगसित जोडिएकाले त्यहाँको अर्थव्यवस्थामा कृषिको सबभन्दा ठुलो योगदान रहेको छ । हामीले निजी क्षेत्रभन्दा यसलाई सामाजिक व्यवसाय हो भनेर बुझेका छौँ । सहकारी व्यवसायलाई पनि राज्यले नीति व्यवसायको रूपमा परिभाषित गरेको छ ।

अहिले विश्वको जनसंख्या सात अर्ब नाघेको छ । विश्वको जनसङ्ख्याको आकार नौ अर्बसम्म पुगेर मात्र स्थिर रहने जनसंख्याविद्को भनाइ छ । यस्तो अवस्थामा उपलब्ध स्रोतहरूको समुचित उपयोग र हामीले खाने कुराहरूको आदतमा समेत परिवर्तनको आवश्यकता देखा पर्दै गएको छ । एसियाली मुलुकमा ६० प्रतिशतभन्दा बढी जनता अहिले पनि कृषि पेसामा आश्रित छन् । कृषि प्रणालीमा आधुनिक पद्धतिको प्रयोग न्यून भइरहेको छ । हाम्रो देशमा कृषि उत्पादनमा वृद्धि ल्याउन नसक्दा आयात गर्नुपर्ने भएको छ । कृषकको जीवन स्तरमा कृषि पेसाबाट जीवन धान्न कठिन भएकाले मानिसहरू कृषि पेसालाई छाडेर पलायन हुँदै छन् । युवा शक्ति पूरै गाउँका गाउँ खाली हुँदै छ । यस्तो अवस्थामा सरकारले अर्थनीतिमा तेस्रो खम्बाको रूपमा मानिसको सहकारीलाई जोडेर त्यसको माध्यमबाट कृषकको सङ्गठित रूपमा उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण तथा कृषि सामग्री आपूर्तिसम्मको क्रियाकलाप आफैँ सहभागी हुने वातावरणको निर्माण गरी समग्र कृषि पेसालाई आकर्षित बनाउने हो भने हामी खाद्यान्नमा आत्मनिर्भर पनि हुने र नेपालको अर्थतन्त्रमा यसको ठुलो योगदान रहन सक्छ । सहकारीको अभ्यास विशेष गरेर कृषि क्षेत्रमा बढी उपयोगी सिद्ध भएको छ । कृषि क्षेत्रमा दुई खाले सहकारीलाई बढी महत्व दिइएको छ । पहिलो सेवा सहकारी जसलाई उपभोक्ता सहकारी पनि भनिन्छ र दोस्रो उत्पादन सहकारी । सेवा सहकारीको भूमिका आपूर्ति र बजारीकरण गर्ने किसानलाई चाहिने बिउबिजन, मलखादलगायतका कृषि उपकरण आपूर्ति गर्ने काम गर्छ । पहिलो प्राथमिकतामा सेवा सहकारी नेपालका लागि आवश्यक हो र त्यसले क्रमशः उत्पादन सहकारीलाई जोड्दै देशलाई आर्थिक वृद्धि मात्र होइन बजारीकरण र कृषिको उद्योगीकरण बनाउँदै जाने छ । तब मात्र नेपाल सहकारीबाट नमुनाकृत हुन सक्ने छ, हामीले यसको अभ्यास गरेका छैनौँ ।

कृषि सहकारी अन्तर्राष्ट्रिय सङ्गठनको रिपोर्ट अनुसार विश्वमा ५६९ हजार कृषि सहकारी सक्रिय रूपमा रहेका छन् । यसमा ४१ करोड किसान सदस्य रहेका छन् । कृषि सहकारीको संख्या र सदस्यतामा एसियाको स्थान भारत र चीनले ८३ प्रतिशत ओगटेको छ । यद्यपि कृषि सहकारीको कुल वार्षिक कारोबारमा युरोप ४२ प्रतिशत अर्थात् छ सय अर्ब अमेरिकी डलर रहेको पाइन्छ । यूरोपमा ४४ हजार २६० कृषि सहकारीमा एक करोड ४० लाख किसान त्यसका सदस्य रहेका छन् भने यी संस्थाले प्रत्यक्ष सात लाख २० हजारलाई रोजगारी दिएको छ । भारतमा एक लाख ५० हजार कृषि सहकारीमा १६ करोड जनता आबद्ध छन् । फ्रान्समा कृषि सहकारीले ६० प्रतिशत कृषि सामग्रीको आपूर्ति, ५७ प्रतिशत कृषि उत्पादन र ३५ प्रतिशत खाद्यान्न प्रशोधन गर्न सक्रिय छन् । यस्ता थुप्रै उदाहरण छन् तर हाम्रो देशमा २० हजारको हाराहारीमा सहकारी दर्ता छन् । कृषिप्रति केही सीमित दुग्ध सहकारी, तरकारी उत्पादन सहकारी, तरकारी बिउ उत्पादन सहकारी, चिया उत्पादन सहकारीको अलावा अन्य सहकारीको योगदान नगन्य रहेको छ । प्राकृतिक स्रोत हावापानी उत्पादनको सम्भावना भएको हाम्रो देशमा सहकारीका विभिन्न एकाइ गठन गरी उत्पादन, प्रशोधन, प्याकेजिङ, बजारीकरण गर्ने हो भने अर्थतन्त्रमा ठुलो योगदान हुने र समाज समाजवादउन्मुख हुने सम्भावना बढी छ ।

सहकारीलाई अर्थव्यवस्थाको तेस्रो क्षेत्र किन परिभाषित गरियो भन्ने जान्न आवश्यक छ । सहकारीका विविध प्रकृतिका रूप भए पनि हामीले बुझ्ने भनेको पुँजीवाद र समाजवादबिचको सङ्क्रमणकालीन श्रम सम्बन्ध वा उत्पादन सम्बन्ध हो । अहिले नेपाल सामन्तवादको प्रतिनिधि पत्र राजतन्त्रको अन्त्य गरेका छौँ र पुँजीवादको विकासको चरणमा छौँ अर्थात् पूँजीवादबाट फड्को मार्ने समाजवादको सङ्क्रमणकालीन अवस्थामा छौँ । हामीले हाम्रो देशलाई समाजवादमा प्रवेश गराउनु छ । यसको माध्यम सहकारी पनि हो । यो निजी क्षेत्रभन्दा भिन्न प्रकृतिको व्यक्तिगत नाफाभन्दा सामूहिक नाफामा अगाडि छ । जनताको सामूहिक सहभागिताबाट नाफाका लागि नभई स्वउपयोग र उपभोगका लागि संरचना निर्माण गर्ने, राज्यलाई व्यवहारमा सहयोग पुऱ्याउने, स्वतन्त्रतामा आँच नआउने गरी सहयोग र सहजीकरणका क्रियाकलापमार्फत सहकारीको विकास, विस्तार र प्रवर्धन गर्ने अवधारणा, प्रजातन्त्रको अभ्यास, देशको आर्थिक तथा सामाजिक विकास, विस्तार र प्रवर्धन, वातावरण संरक्षण, ग्रामीण तहमा समेत दिगो र उत्पादक रोजगारीको सिर्जना, सामाजिक एकीकरण जस्ता विषयमा योगदान पुऱ्याउने हुँदा निजी क्षेत्र र सार्वजनिक क्षेत्रको भन्दा फरक हुने भएकाले सहकारीको माध्यमबाट देशको अर्थतन्त्र मजबुद बनाउन सकिने र समाजवादउन्मुख समाज बनाउन सकिने हुनाले आर्थिक व्यवस्थाको तेस्रो खम्बाको रूपमा परिभाषित गरिएको हो । सहकारी अर्थतन्त्रको उपयुक्त ढङ्गले प्रवर्धन गर्दै लगियो भने राज्यको बजेटमा समेत सामाजिक विकासमा गरिने खर्चको बोझ कम हुँदै जानुको साथै गरिने खर्चको पनि सार्थक उपयोग हुने अवस्थाको सिर्जना हुन सक्छ । सरकारले स्वयम् लगानी गर्नुपर्ने स्वास्थ्य, शिक्षा र सुरक्षाका क्षेत्रमा समुदायको लगानी आकर्षित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने माध्यम सहकारीलाई बनाउन सकिन्छ । राज्यले यस्तो विशिष्ट प्रकृतिका व्यवसायीका विधि राज्य स्वयम्ले प्रवर्धन गर्नका लागि उपयुक्त नीति र कार्यक्रम बनाउने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । विशेषतः सहकारीको माध्यमबाट पूर्ण प्रजातन्त्रको अभ्यासलाई आधारशिला बनाउने, आर्थिक व्यवस्थालाई सुदृढ गर्ने, रोजगारी सिर्जना गर्ने, वर्ग संघर्षबिनाको शोषणरहित सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको सिर्जना गर्न सकिन्छ । त्यसैले आफ्नो देशको अर्थव्यवस्थालाई बदल्न र समाजलाई चेतनशील बनाउन बहुसंख्यक मुलुकले यो विधि अवलम्बन गरे पनि हामीले त देशको अर्थतन्त्र आत्मनिर्भर बनाउनु छ र समाजलाई समाजवादी अर्थतन्त्रको जग बसाली समाजवाद निर्माण गर्न झन् महत्वपूर्ण बन्न आउँछ । संयुक्त राष्ट्रसंघले पनि सहकारीलाई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने प्रभावकारी माध्यमको रूपमा धेरै अगाडिबाट स्वीकार गर्दै आएको छ । विशेषतः राष्ट्रसंघले उपभोक्ता सहकारी, खरिद बिक्री सहकारी, उत्पादन सहकारी, श्रमिक सहकारीको विकासलाई उच्च महत्व दिएको छ । संसारमा अहिलेसम्म ५४ लाख मानिसले सहकारीको माध्यमबाट रोजगारी पाएका छन् । नेपाल गरिबी निवारण, सामाजिक सद्भाव, आर्थिक विकास र रोजगारीका लागि यो उपयुक्त माध्यम हो । यसलाई व्यवस्थित रूपमा लागु गर्न सके हामी समाजवादउन्मुख हुने छौँ ।

सरकारले समाजवादउन्मुख संविधान बनाएकाले त्यसलाई ध्यानमा राखी कल्याणकारी आर्थिक विकास कोषको अवलम्बन गर्नुपर्ने देखिन्छ । देशको आर्थिक, सामाजिक क्षेत्रमा उत्पादन प्रणाली, बजार व्यवस्थापन, वित्तीय क्षेत्रमा गर्नुपर्ने बैङ्क लगानी सहुलियतपूर्ण वातावरणबाट सिर्जना गर्नुपर्ने छ । सहकारी बैङ्कको स्थिति नाजुक छ, सेयर बैङ्क गाउँ जादैनन्, विकास बैङ्क सहर र गाउँ छेउछाउँमा मात्र पुगेका छन् । वित्तीय संस्थाको चर्को ब्याजमा गाउँका किसान परेका छन् । सरकारले सहकारी बैङ्कको सञ्जाल ग्रामीण क्षेत्रमा पुऱ्याउनु पर्छ र कृषि र उद्यमशीलता गर्नेहरूलाई सरल तरिकाबाट ऋण उपलब्ध गराउने वातावरण बनाउनु पर्छ । सहकारी प्रणाली देशको आर्थिक वृद्धि गर्ने, साना बचत परिचालन, कृषि तथा साना उद्योग सञ्चालन र विकासका लागि नागरिकमा सहकारी अवधारणा विकास गराउँदै ग्रामीण अर्थतन्त्रलाई विकासको स्तम्भ बनाउनु पर्छ । ग्रामीण स्वावलम्बी कोष, गरिबी निवारण कोषहरूमा समन्वयतात्मक भूमिका बचत पूँजीको परिचालनसँगै दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगार एवं स्वरोजगार कार्यक्रमलाई प्राथमिकता दिन दलित, जनजाति, अल्पसंख्यक समुदायलाई प्रोत्साहन गर्नु पर्छ । तराईमा खाद्यान्न उत्पादन र प्रशोधनमध्ये पहाडी क्षेत्रमा तरकारी, फलफूल र पशुपालन र हिमाली क्षेत्रमा जडीबुटी र पर्यटनलाई एकीकृत गरी छरिएर रहेका पुँजीलाई एकीकृत गरी आवश्यकतालाई ध्यानमा राखी बैङ्क वित्तीय क्षेत्रबाट लगानी गरी रोजगार र स्वरोजगारलाई प्राथमिकता दिने योजना स्थानीय तह सरकारले बनाएर कार्यान्वयन गर्नु पर्छ, तब मात्र समाजवादको जग बसाल्न सकिन्छ । अन्त्यमा हामी समाजवादमा जाँदा कृषिको विलोपीकरण गर्दै उद्योगीकरणमा जान आवश्यक छ तर अहिलेको प्राथमिकता भनेको कृषि नै हो । कृषि अर्थव्यवस्थालाई व्यवस्थापन गरी हामी अगाडि बढ्न आवश्यक छ ।

# विकासमा वातावरणीय जोखिम

यज्ञनाथ दाहाल

सन् १९६० को दशकलाई औपचारिक तवरमा विश्वव्यापी वातावरणीय सचेतनाको दशकका रूपमा लिने गरिन्छ । करिब दुई सय वर्षअघिबाट सुरु भएको आधुनिक विकास र औद्योगिकीकरणका प्रयासले पृथ्वीका धेरै भागमा मानवीय पदचापले बृहत्तर प्रभाव छोडिसकेका थिए । कृषि क्षेत्रमा प्रयोग भएको अत्यधिक रासायनिक विषादीको प्रयोगले अनेकौँ जीवको जीवनचक्रमा गहिरो प्रभाव पारी समस्त प्राणी जगत्कै अस्तित्वमा प्रश्न चिह्न उठेको विषय सन् १९६२ मा प्रकाशित राचेल कार्सनद्वारा लिखित पुस्तक 'साइलेन्ट स्प्रिङ' ले शक्तिशाली भूकम्पीय झड्काको अनुभव हुने गरी विश्वमानव समुदायलाई तरङ्गित तुल्यायो । यसैको प्रतिक्रियास्वरूप अमेरिकाले त्यही दशकको अन्त्यतिर सन् १९६९ मा वातावरण संरक्षणसम्बन्धी राष्ट्रिय कानुनी प्रबन्ध गरी कार्यान्वयनमा ल्यायो । यसपछि यिनै अमेरिकी कानुनी प्रबन्ध र राचेलको उक्त पुस्तकको प्रभाव स्वरूप युरोप र एसियाका धेरै मुलुकले वातावरणसँग सम्बन्धित विभिन्न नीति र कानुन अवलम्बन गर्दै गए । नब्बेको दशकसम्म आइपुग्दा सन् १९७३ को सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमनसम्बन्धी महासन्धि, सन् १९९२ को जैविक विविधता महासन्धि, जलवायु परिवर्तन खाका महासन्धि, मरुभूमिकरणविरुद्धको महासन्धि जस्ता वातावरणीय संरक्षण आयामका अनेकौँ विश्वव्यापी सम्झौता र समझदारी भए । नेपालले अन्तर्राष्ट्रिय यस्ता सन्धि र सम्झौताहरूको पक्षमा आफ्नो दरिलो प्रतिबद्धता जाहेर गर्दै सन् १९९५ मा वातावरण संक्षरण ऐन, १९९५ कार्यान्वयन ल्यायो ।

विभिन्न प्रयास र प्रयत्न अवलम्बन गरिए तापनि नेपाललगायतका विश्वका सबै भूभागमा रहेका मान्छेले पृथ्वी र पृथ्वी वरपरको बिग्रँदो र बिग्रिएको प्रतिकूल वातावरणीय प्रभावबाट क्षति बेहोरी नै रहेका छन् । यसै वर्षको कञ्चनपुरमा भएको एकै पटकको छ सय मिलिलिटरभन्दा बढी परिमाणको वर्षा र यसले पुऱ्याएको क्षति, गत असोज ११ तथा १२ गते परेको वर्षाको पानीबाट काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भूभागमा भएको क्षति सामान्य प्राकृतिक स्वरूपका बर्षे झरीका घटना मात्र होइनन् । त्यस्तै, हाल भइरहेको अमेरिकास्थित क्यालिफोर्निया राज्यको भीषण विनाशकारी वन डढेलो पनि सामान्य प्राकृतिक स्वरूपको मात्र आगलागी हुँदै होइन । यी त केवल प्रतिनिधिमूलक घटना मात्र हुन् । बिग्रँदो पर्यावरणीय कारणले विश्वका धेरै क्षेत्र नराम्ररी प्रभावित वनेका छन् । हामीले अवलम्बन गर्ने विकास आयाममा वातावरणीय दृष्टिकोणको अभाव, कमी र अपर्याप्तता भएको विषयमा अब मतभेद छैन ।

वातावरणीय चुनौतीका विभिन्न आयामको समग्र रूपमा चित्रण गर्ने प्रयत्न यसमा संलग्न संसारभरिका विज्ञले गरिरहेका छन् । मूलतः बदलिँदो जनसंख्यकीय स्वरूप, जीवन पद्धति एवं आधारभूत स्रोतको पहुँच, उपलब्ध स्रोतको सदुपयोग गर्नमा बढ्दो अदक्षता, प्राकृतिक विपत्ति र विनाशका चरम घटनाको प्रभावद्वारा सिर्जित बढ्दो जोखिम र भयता, वातावरणसँग सम्बन्धित स्वास्थ्य जोखिममा बढोत्तरी, नीतिगत प्रबन्ध र तिनको कार्यान्वयन क्षेत्रमा देखिएको विरोधाभाषा र खाडल वातावरणीय चुनौतीका प्रमुख परि दृश्य हुन् ।

तीव्र र व्यापक सहरीकरण, सम्पन्नशाली जीवनशैली तथा आर्थिक समृद्धिका लागि चाहिने स्रोत र सेवाहरूको बढ्दो मागद्वारा प्राकृतिक स्रोतमाथि व्यापक दबाब सिर्जना गरिरहेको छ । उपलब्ध स्रोतको दक्षतापूर्वक प्रयोग नभई उपयोग मात्रै बढोत्तरी गर्दा यसबाट वातावरणको व्यापक क्षयीकरण, पारिस्थितिकीय सेवाको विध्वंस, चरम प्रदूषण र फोहोरमैला एवं थप आर्थिक व्ययभारको स्थितिसमेत सिर्जना भएको छ । जलवायु परिवर्तन तथा प्राकृतिक विपत्तिजन्य प्रभाव एवं योजनाविहीन विकास तथा सहरकेन्द्रित अप्रवासनको कारणद्वारा आर्थिक विनाशलाई गति दिने नै छ । यस्तो निम्तिएको आर्थिक विनाशले हालसम्म प्राप्त विकासका प्रतिफल उल्याउने, गरिबी र असमानतामा बढोत्तरी हुने तथा स्वच्छ पानी एवं खाद्यान्न सुरक्षामा जोखिम पुऱ्याउने जस्ता विपरीत अवस्था पैदा हुने खतरा छ ।

स्वास्थ्य क्षेत्रका विविध पक्षको योगदान स्वरूप मान्छेको आयुमा महत्वपूर्ण सुधार भएको छ । आयु त लम्बिएको छ । वायु प्रदूषण, रासायन तथा हेभी मेटलजस्ता कारणले बिग्रिएको वातावरणको प्रभावस्वरूप नयाँ नयाँ रोगको उदय र यस्ता महामारीको छिटै हुने सङ्क्रमणले मानवीय स्वास्थ्यको जोखिमलाई अझ अत्यधिक बढाएको छ । वातावरणीय विनाशलाई सम्बोधन गर्न विविध ढङ्गले नीतिगत व्यवस्थामार्फत सम्बोधनको प्रयत्न नभएका पनि होइनन् तर यस्ता नीतिगत प्रबन्ध र सम्बोधनमा विभिन्न कमी र अभाव देखिएको छ । मूलतः नीतिगत प्रबन्ध गर्दा हुने वैज्ञानिक आधारको कमी, निर्मित कानुनको प्रभावकारी कार्यान्वयनको अभाव र वातावरणीय विषयको तीव्रतर उदय हुनु नै मुख्य कमजोरी हुन् ।

उल्लिखित पृष्ठभूमिले वातावरणीय क्षयीकरण तथा विनाशका विभिन्न आयामप्रतिको जागरणलाई खुला गरेको छ । प्रत्येक राजनीतिक नेतृत्व, नीति निर्माता तथा योजनाकार, कार्यान्वयन कर्ता तथा आमनागरिक र सम्बन्ध सरोकारावालाले ध्यान दिने पक्ष भनेको विकास र वातावरणबिचमा ल्याउने सन्तुलन नै हो । वातावरणमा प्रतिकूल प्रभाव ल्याउने प्रस्तावनाको कार्यान्वयन गर्दा हामीले प्रमुखतः छ प्रकारका आयाममा विशेष ध्यान दिन जरुरी छ । प्रथमतः विकासको प्रस्तावित प्रस्तावले ल्याउने प्रतिकूल वातावरणीय प्रभावको पहिचान महत्वपूर्ण हुन्छ । यस्तो प्रस्तावले सामाजिक, आर्थिक, जैविक रूपमा कस्ता प्रभाव पार्छन् तिनका केस्राकेस्रा केल्याउनु पर्छ । विकास प्रस्तावनाले निम्त्याउने प्रतिकूल प्रभाव प्रत्यक्ष असर गर्ने, अप्रत्यक्ष प्रभाव पार्ने र कतिपय प्रभाव एकत्रित भएर देखिने प्रकारका समेत हुन सक्छन् । कुनै कुनै प्रतिकूल प्रभाव अस्थायी प्रकृतिका र कुनै स्थायी स्वभावका समेत वातावरणीय प्रभाव हुन सक्छन् । कतिपय यस्ता प्रभाव देखिने प्रबल सम्भावना हुन्छ भने कतिपय प्रभाव भने नदेखिने समेत हुन सक्छन् । यसैगरी विकासका प्रस्तावनाले निम्त्याउने नकारात्मक प्रभाव कुनै कुनै सुरुकै मौलिक अवस्थामा ल्याउने गरी उल्ट्याउन सकिने र कतिपय उल्ट्याउनै नसक्ने नासिएर जाने प्रकृतिका समेत हुन्छन् । यस्तो विकासको प्रस्तावना कार्यान्वयन गर्दा भविष्यमा देखिने प्रतिकूल प्रभावको समेत प्रक्षेपण गर्नु पर्छ । यस्तो प्रक्षेपण वैज्ञानिक, तथ्यमा आधारित र प्रमाणित हुनु आवश्यक हुन्छ । प्रस्तावित विकास प्रस्तावनाको पहिचान र प्रक्षेपणपश्चात् यिनीहरूको समय र स्थानविशेषको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । सबै विकास प्रस्तावनाले एकै ढङ्गले प्रतिकूलता सिर्जना गर्दैनन् । यस्ता प्रस्तावनाको कार्यान्वयन गर्दा समयको हिसाबले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा प्रतिकूलता सिर्जना गर्छन् । त्यस्तै यस्ता प्रतिकूल वातावरणीय प्रभाव स्थानविशेष, स्थानीय, क्षेत्रीय, राष्ट्रिय र राष्ट्रिय सीमा वारपार हुने प्रकृतिका हुन्छन् ।

उल्लिखित विकास प्रस्तावनाको कार्यान्वयन हुँदा देखिने प्रतिकूल प्रभावको पहिचान, प्रक्षेपण र मूल्याङ्कनजस्ता तीन आयामको यथार्थ चित्रणद्वारा वातावरणीय व्यवस्थापनका तीन वटा आयामको निर्धारणमा योगदान दिन्छ : वातावरणीय प्रतिकूल अवस्था हुनै नदिने

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
• लीलाराज दाहाल

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# व्यवसायी राहत कोषमा राजभण्डारीले दिए २५ हजार




झापा(प्रस)। बिर्तामोडका व्यवसायी सेजर राजभण्डारीले व्यवसायी राहत कोषमा २५ हजार एक सय रुपैयाँ सहयोग गरेका छन् ।

उनले आफ्नो जन्मदिनको अवसर पारेर उक्त रकम सहयोग गरेका हुन् । फ्रेन्ड्स फेसन वेयरका सञ्चालकसमेत रहेकाराजभण्डारीले संघका अध्यक्ष राजु न्यौपानेलाई २५ हजार एक सय रुपैयाँ बराबरको चेक हस्तान्तरण गर्दै व्यवसायीको हितमा खोलिएको कोष वृद्धिका लागि आगामी दिनमा समेत सहयोग गर्ने प्रतिवद्धता जनाए ।

बिर्तामोड उद्योग वाणिज्य संघले आपत विपत्मा परेका व्यवसायीलाई राहत पुऱ्याउने उद्देश्यले एक करोड रुपैयाँ बरावरको अक्षयकोष स्थापना गरेको हो । अहिले कोषमा झापाका विभिन्न व्यवसायी , सामाजिक तथा अभियन्ताहरुले रकम प्रदान गरिरहेको संघका महासचिव कुशल खतिवडाले बताए ।

राहत कोषमा सहयोग पुऱ्याएका फ्रेन्ड्स फेसन वेयरका सञ्चालक राजभण्डारीलाई बिर्तामोड उद्योग वाणिज्य संघले कदरपत्रद्वारा सम्मान गरेको छ ।

# वैदेशिक रोजगारीमा दक्ष युवा घटे



झापा(प्रस) । वैदेशिक रोजगारीमा दक्ष भएर विदेश जाने युवाको संख्या पछिल्लो पाँच महिनामा नौ प्रतिशतसम्म घटेको देखिएको छ ।

वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को साउनमा ५९ हजार ५७५ जना वैदेशिक रोजगारीका लागि गएकामध्ये दक्ष भएर जानेको संख्या ४२ हजार ७९४ (७२ प्रतिशत) रहेकोमा संख्या चालु आवको मंसिरमा रोजगारीमा गएका ८४ हजार २२६ जनामध्ये ५३ हजार १५८ जना (६३ प्रतिशत) मात्रै दक्ष भएर गएका हुन् ।

विभागका अनुसार भदौमा ५७ हजार ४९३ जना गएकोमा ३७ हजार ७८३ जना (६६ प्रतिशत) दक्ष भएर विदेश गएका छन् । यस्तै असोजमा ५३ हजार ५२५ जना विदेश गएकोमा ३३ हजार ९१९ जना (६३ प्रतिशत) दक्ष भएर गएका छन् भने कात्तिकमा ७० हजार ९९० जना विदेश गएकोमा ४६ हजार ५५८ जना दक्ष श्रमिक विदेश गएको विभागको प्रतिवेदनमा उल्लेख छ ।

विभागका निर्देशक गुरुदत्त सुवेदीले दक्ष र अदक्ष मात्रै तुलना गर्दा पछिल्लो पाँच महिनामा दक्ष श्रमिक घटेको देखिए पनि अर्धदक्ष र उच्च सिपयुक्तसमेत तुलना गर्दा भने बढ्ने दाबी गरे। चालु आवको पाँच महिनामा तीन लाख २५ हजार ८०९ जनाले विदेश जान श्रम स्वीकृति लिएकोमा दुई लाख १४ हजार २१२ (६६ प्रतिशत) दक्ष भएर विदेश गएको विभागले जनाएको छ । विभागका अनुसार सो अवधिमा अर्धदक्ष ३३ हजार ४४३ (१० प्रतिशत), अदक्ष ७६ हजार ८१ जना (२३ प्रतिशत) वैदेशिक रोजगारीमा गएका छन् भने उच्च सिपयुक्त दुई हजार २७६ जना (०.७० प्रतिशत) रोजगारीका लागि बिदेसिएका छन् ।

# एक वर्षमा २३ सय चिकित्सक विदेश पलायन



झापा(प्रस)। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) महाराजगन्ज क्याम्पसबाट एमबीबीएस उत्तीर्ण गरेका विद्यार्थीमाथि गरिएको सर्वेक्षणमा शतप्रतिशतले विदेश जाने योजना बनाएको बताएका छन् । सर्वेक्षणमा सहभागी ४३ मध्ये ४१ जना (९५ प्रतिशत) ले विदेश जान परीक्षामा नाम दर्ता गराइसकेको पाइएको छ। सरकारद्वारा गठित चिकित्सक तथा स्वास्थ्यकर्मीको सेवासुविधा सुधारसम्बन्धी अध्ययन कार्यदलले बुझाएको प्रतिवेदनले यस्तो तथ्य बाहिर ल्याएको हो। मुलुककै अब्बल शैक्षिक संस्था मानिएको आईओएमका मेडिकल विद्यार्थीको सोच र योजनाले मुलुककै समग्र स्वास्थ्य क्षेत्र र चिकित्सकको अवस्था दर्साउँछ ।

नेपाल मेडिकल काउन्सिलको तथ्यांकले पनि बर्सेनि विदेश पलायन हुने नेपाली चिकित्सकको संख्या बढ्दै गएको देखाउँछ। तथ्यांकअनुसार पछिल्ला ४ वर्षमा नेपालमा ८ हजार ६ सय २४ जना नयाँ चिकित्सक काउन्सिलमा दर्ता भए । ६ हजार ३ सय ६८ चिकित्सकले विदेश जान काउन्सिलबाट असल चारित्रिक प्रमाणपत्र (गुड स्ट्यान्डिङ सर्टिफिकेट) लिएका छन् । उनीहरूले विदेशमा थप अध्ययन र काम गर्नका लागि उक्त प्रमाणपत्र लिनुपर्ने अवस्था छ ।

चार वर्षको तथ्यांक हेर्दा नयाँ दर्ता भएकामध्ये करिब ७४ प्रतिशत चिकित्सक कामको खोजी र थप अध्ययनका लागि विदेश गए वा जाने योजनामा छन् । सन् २०२० मा ७ सय ६९ जना चिकित्सकले विदेश जान प्रमाणपत्र लिएकोमा २०२१ मा झन्डै दोब्बर १ हजार ३ सय २७ जनाले प्रमाणपत्र लिए । २०२२ मा विदेश जान प्रमाणपत्र लिने चिकित्सकको संख्या झनै वृद्धि भएर १ हजार ९ सय ५४ पुग्यो । २०२३ मा २ हजार ३ सय १८ जनाले प्रमाणपत्र लिएको काउन्सिलको तथ्यांक छ ।

२०२३ सम्म नेपालमा ३४ हजार ९ सय १० चिकित्सक दर्ता छन् । २०२० यता वार्षिक २ हजारदेखि साढे २ हजार चिकित्सक काउन्सिलमा दर्ता हुने गरेका छन् । केही वर्षयता दर्ता हुने संख्या हाराहारीमै चिकित्सक विदेश गइरहेको पाइएको छ। २०२२ मा २ हजार १ सय ३१, २०२१ मा १७ सय १६, २०२२ मा २ हजार ८५ र २०२३ मा २६ सय ९२ नयाँ चिकित्सक दर्ता भएका थिए ।

स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव टंकप्रसाद बराकोटी संयोजकत्वको विज्ञ सम्मिलित समितिले नेपाली चिकित्सक विदेश जानुको कारणसमेत औंल्याएको छ। न्यून तलब-सुविधा, अध्ययन-अनुसन्धान र वृत्तिविकासको अभाव, परिष्कृत स्वास्थ्य संस्थाको कमी, स्वास्थ्य संस्थामा हुने हिंसाका घटनाका कारण विदेश जान बाध्य भएको प्रतिक्रिया समितिको प्रतिवेदनमा उल्लेख छ। उक्त प्रतिवेदन समितिले स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई बुझाएको छ। सरकारले दुई वर्षअघि समिति गठन गरेको थियो ।

२० भन्दा बढी मुलुकमा चिकित्सक गइरहेको मेडिकल काउन्सिलले जनाएको छ। तीमध्ये अमेरिका, बेलायत, माल्दिभ्स, यूएई, अस्ट्रेलिया, भारत, क्यानडा, जर्मनीलगायतका देशमा नेपाली चिकित्सकको आकर्षण बढी देखिएको तथ्यांक छ। २०२३ मा ८ सय ४३ चिकित्सकले अमेरिका जान प्रमाणपत्र लिएका थिए ।

बेलायतका लागि ५ सय ५ जना, माल्दिभ्समा ३ सय ९५ जना, भारत जान १ सय ८६ जना, अस्ट्रेलियका लागि १ सय ६६ जना, यूएई जान १ सय ४२ जनाले प्रमाणपत्र लिए । २०२२ मा बेलायत जान ५ सय ९२, अमेरिका जान ४ सय ९६ र

❖ बाँकी अन्तिम पृष्ठमा

# सोलुखुम्बु क्षेत्रमा हुने सबै उडान रोक्ने चेतावनी



झापा(प्रस) । सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा व्यावसायिक हेलिकोप्टर उडानलाई रोक लगाउने निर्णय भएपछि वायुसेवा संचालक संघले त्यस क्षेत्रमा हुने अन्य फिक्स्ड विङ्ग उडान समेत रोक्ने चेतावनी दिएको छ । संघले यदि त्यस क्षेत्रमा निजी उडानलाई लगाइएको प्रतिबन्ध खुला नगरे यही माघ १० गतेदेखि लुक्ला लगायत सोलुखुम्बु क्षेत्रमा हुँदै आएका नियमित फिक्स्ड विङ्ग उडान रोक्ने जनाएको छ । संघका अध्यक्ष मनोज कार्कीले विज्ञप्तिमार्फत आगामी बुधबारसम्म गाउँपालिकाले लगाएको अवरोध नहटाएमा विहीबारदेखि त्यस क्षेत्रमा हुने सबै व्यावसायिक उडान रोक्ने चेतावनी दिएका छन् । पासाङ ल्हामु गाउँपालिकाले पुष १७ गतेदेखि खुम्बु क्षेत्रमा पर्यटकका लागि हुने व्यावसायिक हेलिकोप्टर चार्टर उडानलाई रोकेको थियो ।

गाउँपालिकाको उक्त निर्णयपछि सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय नाम्चेले पनि नेपालमा रहेका ११ वटा हेलिकोप्टर कम्पनीलाई पुष १७ देखि संरक्षित क्षेत्रमा व्यावसायिक उडान नगर्न निर्देशन दिएको थियो । तर निकुञ्ज कार्यालयले भने आफ्नो निर्णय फिर्ता लिइसकेको छ ।

हेलिकोप्टर उडानले सगरमाथा राष्ट्रिय निकुञ्जमा हुने अत्यधिक ध्वनि प्रदूषणका कारण निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बस्ती तथा वन्यजन्तुको बासस्थानमा असर परेको जनाउँदै व्यावसायिक हेलिकोप्टर उडानलाई रोक लगाउनु उपयुक्त हुने भन्दै गाउँपालिकाले भने हेलिकप्टरलाई लगाइएको प्रतिबन्ध खुला गरेको छैन । वायुसेवा सञ्चालक संघले भने संविधानले प्रदान गरेको मौलिक अधिकारलाई नियन्त्रण गर्ने अधिकार गाउँपालिकालाई नरहेको जनाउँदै उक्त निर्णय कानुनविपरीत रहेको समेत दाबी गरेको छ । गाउँपालिकाले भने आपतकालीन उद्धारबाहेक अरु पर्यटकजन्य हेलिकोप्टर उडान संचालन नगराउन वायुसेवा कम्पनीहरुका नाममा पुनः सूचना जारी गरेको छ । हाल खुम्बु क्षेत्रका अधिकांश हेलिप्याडमा स्थानीय क्लबले झण्डा गाडेर अवरोध गरेपछि संघले त्यहाँ चार्टर हेलिकोप्टर उडान पनि रोकेको छ ।

# अध्यादेशमार्फत बजेट निर्माण प्रक्रिया संशोधन



झापा(प्रस) । सरकारले अध्यादेशमार्फत् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेको छ । यो ऐन संशोधनसँगै बजेटका लागि नयाँ क्यालेन्डर लागू हुने भएको छ ।

गत आर्थिक वर्षमा पनि सरकारले अध्यादेशबाटै बजेट क्यालेन्डर संशोधन गरेको थियो । सरकारले गत वर्ष पनि सोही अध्यादेश जारी गरेको थियो तर त्यो संसदबाट पारित नभएपछि स्वतः खारेज भएको थियो । यसपटक पनि सरकारले ' बजेट क्यालेण्डर' संशोधन गर्न 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश २०८१' जारी गरेको छ ।

बजेट क्यालेन्डर संशोधन गर्न सरकारले गत साउन ३२ गते 'आर्थिक कार्यविधि तथा उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' प्रतिनिधिसभामा दर्ता गरेको थियो । अध्यादेश जारीसँगै संसदमा विचाराधीन उक्त विधेयक स्वतः निष्क्रिय भएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक संसदमा विचाराधीन रहेकाले आगामी आर्थिक वर्ष २०८२-८३ को बजेट निर्माण प्रक्रिया अलमलमा परेको थियो । अध्यादेश आएसँगै करिब दुई हप्ता धकेलिएको बजेट निर्माण प्रक्रिया अगाडि बढ्ने बाटो खुलेको अर्थ मन्त्रालयले जनाएको छ ।

संशोधित व्यवस्था अनुसार माघ महिनाभित्र राष्ट्रिय योजना आयोगले आगामी तीन वर्षमा प्राप्त हुने स्रोत र खर्चको सीमा पूर्वानुमान गरिसक्नुपर्नेछ । त्यसको एक साता अर्थात् फागुन ७ गतेभित्र योजना आयोगले अर्थमन्त्रीसमक्ष उक्त प्रतिवेदन पेस गर्नुपर्नेछ ।

त्यसबाट निर्धारित भएको स्रोत तथा खर्चको सीमाभित्र रहेर बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, ठुला आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चित लगायतको रकम उल्लेख गरी आयोजना तथा कार्यक्रम योजना आयोगले बनाउने छ । आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । फागुन १५ गतेभित्र आयोगबाट प्राप्त खाकाको आधारमा बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन अर्थ मन्त्रालयले तयार गर्नुपर्नेछ । अध्यादेशमा बजेट बनाउँदा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमताको आधारमा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सकिने उल्लेख गरिएको छ । यसरी विभिन्न चरण पार गरी तयार भएको बजेट जेठ १५ गते संसदको संयुक्त बैठकमार्फत सार्वजनिक गरिने संवैधानिक व्यवस्था छ ।

अध्यादेशमा स्वीकृत भएको कुनै कार्यक्रम संशोधन गर्दा विनियोजित रकम अन्य कार्यक्रममा खर्च गर्न सकिने उल्लेख छ । त्यसो हुँदा सम्बन्धित मन्त्रालयको सिफारिसमा संशोधन गर्न सक्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहले खर्च गर्न नसके चालु आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने अध्यादेशमा व्यवस्था गरिएको छ । चालु आवमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्न सकिने पनि व्यवस्था छ । यस्तो अवस्थामा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी रकमान्तर गर्न सकिने भएको छ ।

## विकासमा...

(हटाउने), वातावरणीय प्रतिकूल अवस्थालाई न्यूनीकरण गर्ने (घटाउने) र वातावरणीय प्रतिकूलताको निमित्त क्षतिपूर्तिको व्यवस्था गर्ने ।

सन्तुलित विकास र वातावरणीय दिगोपनाका लागि प्रस्तावित वातावरणीय व्यवस्थापन योजनाको सार नै प्रतिकूल वातावरणीय पक्ष आउनै नदिने, आएमा निम्न स्तरमा घटाएर राख्ने र केही गरी हटाउन तथा घटाउन सकिएन भने क्षतिपूर्ति गर्ने नै हो । नेपालमा हाल कार्यान्वयनमा आएको नेपाल सरकारले जारी गरेको वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तथा संघीय सरकारले जारी गरिएको वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम प्रत्यायोजित अधिकार अनुसार सातै प्रदेश सरकारले कार्यान्वयनमा ल्याएका आआफ्ना वातावरण संरक्षणसम्बन्धी ऐन र ७५३ वटै स्थानीय तहले कार्यान्वयनमा ल्याएको उनीहरूका वातावरण संरक्षणसम्बन्धी ऐनले माग गर्ने विकास प्रस्तावनासँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन यसै परिप्रेक्ष्यमा आधारित भएर आउनु पर्छ ।

संघीय सरकारले जारी गरेको वातावरण संक्षरण ऐन, २०७६ को दफा ३९ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ ले व्यवस्था गरेबमोजिम ऐन, नियम, निर्देशिका र मापदण्डको कार्यान्वयन अवस्थाको वार्षिकस्तरमा अनुगमन र निरीक्षण गर्ने अधिकार वन तथा वातावरण मन्त्रालय र वातावरण विभागलाई छ । सो अनुसार कार्यान्वयन अवस्थाको अनुगमन तथा निरीक्षण गरी एकीकृत प्रतिवेदन हरेक वर्ष प्रकाशन गर्नुपर्ने कानुनी प्रावधान छ तर ऐन कार्यान्वयनमा आएको पाँच वर्ष वितिसक्दासमेत यस्तो अनुगमन तथा निरीक्षणको बृहत् र एकीकृत प्रतिवेदन प्रकाशन भएको देखिँदैन ।

नेपाललगायत संसारले भोगेको र भोग्ने सङ्कटजन्य जलवायु परिवर्तन, जैविक विविधताको व्यापक विनाश र क्षयीकरण तथा बढ्दो प्रदूषणले निम्त्याउने जोखिम तथा चुनौतीको सामना गर्न प्रत्येक सरकारले प्रमाण र विज्ञानमा आधारित नीति, योजना तथा कानुन तर्जुमा गर्नु पर्छ । यस्ता दस्तावेजका प्रावधानको प्रभावकारी कार्यान्वयन गर्ने र यस्ता प्रावधानको कार्यान्वयन अवस्थाको बारेमा सामयिक र प्रभावकारी अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा वातावरणीय परीक्षण गरी सोबाट शिक्षा लिन सकेमा मात्र बढ्दो वातावरणीय क्षतिका दुष्परिणामबाट जोगिने र वातावरणीय दिगोपना कायम हुने अपेक्षा गर्न सकिन्छ। अन्यथा पृथ्वीमा रहेका मानिसलगायत सबै जैवीय संसारको अस्तित्व अनवरत सङ्कटमय रहने देखिन्छ र यस्तो सङ्कट टार्न पनि सकिन्न ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ। राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।